# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, कात्तिक २५ गते २०३३ साल [ अतिरिक्ताङ्क २८ (क)


### गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको

### सूचना

वर्गीय संगठन केन्द्रीय सल्लाहकार समितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधिको व्यवस्था गर्न बनेको नियमावली, २०३३

वर्गीय संगठन ऐन, २०३३ को दफा २३ को उप-दफा (६) ले दिएको अधिकार प्रयोग गरी गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :– (१) यो नियमावलीको नाम "वर्गीय संगठन (केन्द्रीय सल्लाहकार समिति) नियमावली, २०३३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा–

(क) "वर्गीय संगठन" भन्नाले नेपालको संविधानको धारा ६७(क)१ अनुसार स्थापना हुने वर्गीय संगठनहरूलाई सम्झनुपर्छ ।

(ख) "सल्लाहकार समिति" भन्नाले वर्गीय संगठनको केन्द्रीय सल्लाहकार समिति सम्झनुपर्छ ।

(ग) "सदस्य" भन्नाले वर्गीय संगठनको केन्द्रीय सल्लाहकार समितिको सदस्य सम्झनुपर्छ ।

६४९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) 'केन्द्रीय समिति" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति सम्झनुपर्छ।

(ङ) "स्थायी समिति" भन्नाले यसै नियमावलीको नियम ८ बमोजिम गठित समितिलाई जनाउँछ।

३. सल्लाहकार समिति :–(क) सल्लाहकार समितिको गठन वर्गीय संगठन ऐन, २०३३ को दफा २३ को उप-दफा (२), (३) र (४) अनुसार हुनेछ।

(ख) केन्द्रीय समितिले आवश्यक सम्झेमा सल्लाहकार समितिलाई विघटन र नयाँ गठन गर्न सक्नेछ।

४. शपथ-ग्रहण:– सल्लाहकार समितिका सदस्यहरूले कार्यभार सह्माल्नुभन्दा अघि केन्द्रीय समितिका अध्यक्षसमक्ष अनुसूची १ र २ मा तोकिएबमोजिमको पद र गोपनियताको शपथ-ग्रहण गर्नु पर्नेछ।

५. पदावधि र पारिश्रमिक:– (१) नियम ६ को अधीनमा रही सदस्यहरूको पदावधि सामान्यतया चार वर्षको हुनेछ र निजहरू पुनः सो पदमा मनोनीत हुन सक्नेछन्।

(२) सदस्यहरूको पारिश्रमिक र अन्य सुविधाहरू केन्द्रीय समितिले तोकेबमोजिम हुनेछ।

६. सदस्यता कायम नरहने:– देहायका अवस्थामा सल्लाहकार समितिको सदस्यता कायम रहने छैन।

(क) केन्द्रीय समितिको अध्यक्षसमक्ष पेश गरेको लिखित राजीनामा स्वीकृत भएमा,

(ख) केन्द्रीय समितिले हटाएमा,

(ग) सल्लाहकार समिति विघटित भएमा,वा

(घ) पदावधि समाप्त भएमा।

७. सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार:– सल्लाहकार समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ:–

(क) केन्द्रीय समितिले समय-समयमा तोकेको काम गर्ने,

(ख) वर्गीय संगठनको उद्देश्य पूर्तिका लागि उपयुक्त सुझावहरू केन्द्रीय समितिलाई दिने, र

(ग) प्रचलित नेपाल कानूनमा व्यवस्था भएबमोजिम अन्य कामहरू गर्ने।

८. स्थायी समिति:– (१) यो नियमावली बमोजिम सल्लाहकार समितिले गर्ने काम सो समितिको नाममा एउटा स्थायी समितिले गर्नेछ।

(८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) स्थायी समितिमा प्रत्येक वर्गीय संगठनबाट एक एक जना पर्ने गरी सल्लाहकार समितिका सदस्यहरूमध्येबाट केन्द्रीय समितिले मनोनीत गरेका छ जना सदस्यहरू रहने छन् र यसरी मनोनीत गर्दा प्रत्येक विकास क्षेत्रबाट कम्तिमा एक जना पर्ने गरी स्थायी समितिका सदस्यहरू मनोनीत गर्नु पर्नेछ ।

(३) स्थायी समितिका सदस्यको कार्यकाल छ महीनाको हुनेछ ।

(४) केन्द्रीय समितिले सल्लाहकार समितिका सदस्यहरूलाई पालैपालो गरी स्थायी समितिमा मनोनीत गर्नेछ ।

(५) सल्लाहकार समितिको अध्यक्ष स्थायी समितिको पनि पदेन अध्यक्ष हुनेछ । निजको अनुपस्थितिमा केन्द्रीय समितिले तोकेको केन्द्रीय समितिको अर्को सदस्यले स्थायी समितिको बैठकको अध्यक्षता गर्नेछ ।

९. स्थायी समितिको बैठकः– (१) स्थायी समितिको बैठक आवश्यकतानुसार अध्यक्षले बोलाउनेछ ।

(२) अध्यक्ष बाहेक चारजना सदस्य उपस्थित भएमा स्थायी समितिको बैठक बस्न सक्नेछ ।

(३) स्थायी समितिको निर्णय सर्वसम्मतिबाट पारित भएको हुनु पर्नेछ । मत भिन्नता भएमा अध्यक्षले निर्णयार्थ केन्द्रीय समितिमा पेश गर्नेछ र केन्द्रीय समितिबाट भएको निर्णय अन्तिम हुनेछ ।

(४) स्थायी समितिको निर्णयहरूको प्रतिलिपि निर्णय भएको तीन दिनभित्र अध्यक्षले केन्द्रीय समितिमा पठाउन लगाउनेछ ।

(५) स्थायी समितिले आवश्यक देखेमा कुनै कुरामा छलफल गर्दा आफ्नो बैठकमा सल्लाहकार समितिका अरू सदस्यहरूलाई पनि सम्मिलित गर्न सक्नेछ ।

१०. कार्यालयमा उपस्थितिः– स्थायी समितिका सदस्यहरूले केन्द्रमा रहेको बेला नियमित रूपले कार्यालयमा उपस्थित भई आफ्नो कार्य सम्पादन गर्नु पर्नेछ ।

११. प्रगति विवरणः– स्थायी समितिको कार्यप्रगतिबारे कम्तिमा तीन महीनामा एक पटक प्रतिवेदन तयार पार्न लगाई अध्यक्षले केन्द्रीय समितिमा पेश गर्नेछ ।

१२. अध्यक्षको अधिकारः– यस नियमावलीमा अन्यत्र उल्लेख गरिएका अन्य कामको अतिरिक्त सल्लाहकार समितिको अध्यक्षको कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) बैठकबाट पारित निर्णयहरू कार्यान्वयन गर्ने, गर्न लगाउने र तिनको कार्यान्वयनमा कुनै बाधा देखेमा केन्द्रीय समितिमा विचारार्थ पेश गरी सो समितिबाट निर्णय भएबमोजिम गर्ने, गर्न लगाउने ।

(ख) बैठकमा भएको छलफलको निर्णय-पुस्तिका राख्न लगाउने र सो पुस्तिकामा दस्तखत गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. सदस्यहरूको कर्तव्य र अधिकारः– सदस्यहरूको कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) सल्लाहकार समितिले तोकिदिएको काम पूर्ण जिम्मेवारीसाथ गर्ने ।

(ख) वर्गीय संगठनको उद्देश्य पूर्तिका लागि उपयुक्त सुझावहरू सल्लाहकार समितिमा पेश गर्ने ।

१४. सल्लाहकार समितिको बैठकः– (१) सल्लाहकार समितिको बैठक आवश्यकतानुसार अध्यक्षले बोलाउनेछ तर वर्षको एकपटक अनिवार्यरूपले बोलाउनु पर्नेछ ।

(२) बैठकको अध्यक्षता सल्लाहकार समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा केन्द्रीय समितिले तोकेको केन्द्रीय समितिको अर्को सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) सल्लाहकार समितिको निर्णय सर्वसम्मतिबाट पारित भएको हुनु पर्नेछ । मत भिन्नता भएमा अध्यक्षले निर्णयार्थ केन्द्रीय समितिमा पेश गर्नेछ र केन्द्रीय समितिबाट भएको निर्णय अन्तिम हुनेछ ।

(४) सल्लाहकार समितिको बैठक पूर्व सूचना दिएर बोलाउनु पर्नेछ ।

(५) विषयसूचीभित्र नपरेको विषयहरूमा वा परेका विषयहरूमा पनि गाउँफर्क राष्ट्रिय अभियानको उद्देश्य विपरीत देखेमा अध्यक्षले बैठकमा छलफल हुन नदिने बन्देज लगाउन सक्नेछ ।

(६) सल्लाहकार समितिको सम्पूर्ण सदस्य संख्याको बहुसंख्या बैठकको गणपूरक संख्या मानिनेछ ।

तर गणपूरक संख्याको अभावमा बैठक हुन नसकेमा आवश्यकतानुसार अर्को बैठक बोलाइनेछ र सो बैठकमा गणपूरक संख्याको अनिवार्यता रहने छैन ।

१५. आन्तरिक कार्यविधिः– सल्लाहकार समितिको स्थायी समितिले गर्नु पर्ने काम कुरा सुचारूरूपले सम्पादन गर्न यस नियमावलीमा लेखिएका कुराहरूको अतिरिक्त अन्य कुनै कुराका सम्बन्धमा नियम बनाउन वाञ्छनीय भएमा केन्द्रीय समितिले बनाउनेछ वा आवश्यक निर्देशन दिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १

(नियम ४ संग सम्बन्धित)

श्री ५ महाराजाधिराज र मौसूफका उत्तराधिकारीहरूप्रति पूर्णतया बफादार र पञ्चायती व्यवस्थाप्रति निष्ठावान रही आफ्नो सम्पूर्ण योग्यता, ज्ञान र विवेकले भ्याएसम्म आफ्नो कर्तव्यलाई भय, पक्षपात, लोभ वा द्वेषभाव नराखी पालन गर्नेछु भनी वर्गीय संगठनको केन्द्रीय सल्लाहकार समितिको सदस्य पदमा मनोनीत भएको म . . . . . . . . . . . . . . ईश्वरको नाममा शपथ लिन्छु ।
सत्य निष्ठा सहित प्रतिज्ञा गर्दछु ।

मिति:–

हस्ताक्षर. . . . . . . . .

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची २
(नियम ४ संग सम्बन्धित)

म ........................परमेश्वरलाई साक्षी राखेर शपथ ग्रहण गर्दछु कि वर्गीय संगठन केन्द्रीय सल्लाहकार समिति सदस्यको हैसियतमा कामकाज गर्दा मलाई ज्ञान भएको वा हुनआएको गोप्य कुराहरू मेरो पदको कर्तव्य पालन गर्ना निमित्त बाहेक अरू कसैलाई म यस समितिको काममा बहाल रहे नरहेको जुनसुकै अवस्थामा पनि लेखेर वा बोलेर वा अरू कुनै माध्यमबाट थाहा दिने छैन ।

मितिः– हस्ताक्षर............

आज्ञाले–
डा. मोहम्मद मोहसिन
सदस्य-सचिव
गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति

८७४

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।